# जिल्ला प्रशासन कार्यालय कालीकोटको अत्यन्त जरुरी सूचना

नेपालीहरुको महान चाड दिपावली हर्षोल्लासका साथ मनाउने क्रममा शान्ति सुव्यवस्थामा खलल पुग्ने गरी अवांछित गतिविधि हुन नदिन तथा विश्वव्यापी रुपमा फैलिएको कोभिड – १९ को संक्रमणलाई समेत लाई मध्यनजर गर्दै यस बर्षको दिपावलीमा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी राती १०.०० वजेसम्म मात्र बढीमा २५ जना सम्मको समूहमा रही देउसी भैलो जस्ता मनोरन्जनात्मक कार्यक्रमहरु मर्यादित र अनुशासित ढंगले गर्न गराउनु हुन साथै पटका - आतसवाजी जस्ता प्रज्वलनशील पदार्थहरुको प्रयोग गर्दा आगजनी जस्ता विपदजन्य घटनाहरु हुन सक्ने अवस्थालाई मध्यनजर गरी यस्ता बस्तुहरुको ओसार - पसार, विक्री वितरण नगर्न नगराउनु हुन तथा नपडकाउनु हुन सम्पूर्ण जिल्लावासी व्यापारी, उद्योगी, समाजसेवी, विद्यार्थी, पत्रकार एवम् आम जनसमुदायमा अनुरोध गरिन्छ । यदि यो सूचनाको कोही कसैले उलंघन गरी कानून विपरीतका कार्यहरु गरे गराएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने वयहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

२०७७।७।२८

देवेन्द्र प्रसाद श्रेष्ठ

निमित्त प्रमुख जिल्ला अधिकारी